# सर्वोच्च अदालतबाट जारी भएको सूचना ।

४३६

नेपाल सरकार
सार्वजनिक खरिद अनुगमन कार्यालय
दर्ता नं. २६८०
मिति: २०७१।३।३

फांट न. रिट ५

सि.न रिट न. ०७०-WO०८५७

कान्छाराम कन्स्ट्रक्सन प्रा.लि.का.अ.प्रा.स.पूर्णबहादुर तामाङ समेत--------.---निवेदक

बिरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय सिंहदरवार समेत-----------------विपक्षी

मुद्दाः- उत्प्रेषण समेत ।

का.जि.का.म.न.पा.वडा न. १४ रवि भवनमा कार्यालय रहेको सार्वजनिक खरिद अनुगमन कार्यालयका नाउँमा जारी भएको सुचना

निवेदक कान्छाराम कन्स्ट्रक्सन प्रा.लि.का.अ.प्रा.स.पूर्णबहादुर तामाङ समेत र विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय सिंहदरवार समेत भएको रिटमा त्यस कार्यलय समेत उपर उत्प्रेषण समेतको आदेश जारी गरि पाऊँ भनि दिएको रिट निवेदनमा मिति २०७१।०२।२१ गतेको आदेश र रिट निवेदनको नक्कल एक/एक प्रति समेत यसैसाथ संलग्नगरी पठाईएको छ। यो सुचना प्राप्त भएको मितिले आदेशमा उल्लेखित म्याद भित्र महान्यायधीवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्न हुन यो सुचना गरिएको छ। ।उल्लेखित म्याद गुजारी बसेमा तथा आदेश बमोजिम नगरे नगराएमा कानून बमोजिम हुनेछ पछि तपाईको उजुर लाग्ने छैन ।साथै प्रस्तुत रिट निवेदन माँग बमोजिम अन्तरिम आदेश जारी गर्नु पर्ने नपर्ने भनी निष्कर्षमा पुग्न विपक्षीहरु लाई राखी छलफल गर्न उपयुक्त देखिएकोले मिति २०७१।०३।०८ को छलफल पेशिको तारेख समेत तोकिएको व्योहोरासमेत जानकारी गराई सो अवधी सम्मका लागी बिपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयको web site www.ppmo.gov.np मा प्रकाशीत invitation for Bids तथा सो सम्बन्धमा भए गरेका कार्यहरु तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुको नाऊँमा सर्वोच्च अदालत नियमावली २०४९को नियम ४१ (१) बमोजिम तत्कालीन अन्तरिम आदेश जारी गरिदिएको व्यहोरा समेत सुचीत गराइन्छ ।

२०७१।३।२

डिल्लीराम प्रसाई
शाखा प्रमुख

बोधार्थ
श्री महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ : उक्त रिटमा जानकारीको साथै मिति २०७१।०३।०८ गते अ.आ.छलफल हुने हुदा बहस पैरवीको लागि उपस्थित हुन समेत अनुरोध गरिन्छ ।

नोट : लिखित जवाफ प्रस्तुत गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्नेछ ।

. म्याद बुझेको मितिले आदेशमा उल्लेखित म्याद भित्रै यस अदालतमा दाखिल हुने गरी सरकारबाट प्रतिनिधित्व हुँदा म.न्या.का.मार्फत र व्यक्तिको हकमा स्वयं उपस्थित भै वा कानुन बमोजिमको वारेस मार्फत लिखित जवाफ प्रस्तुत गर्नु पर्नेछ ।

. म्याद नाघेमा सर्वोच्च अदालत नियमावली , २०४९ को नियम ४४क बमोजिम म्याद थामेर आफ निवेदन समेत प्रस्तुत गर्नु पर्नेछ । पुन : म्याद तारेख गुजारेमा थाम्न पाइने छैन ।

. नियमावलीको नियम २९(क) मा गरिएका व्यवस्थामा विशेष ध्यान दिनु पर्नेछ ।

. लिखित जवाफ दुई पेज भन्दा बढी भएमा सोही लगावमा दुई पेजमा नबढाई लिखित जवाफको सार संक्षेप साथै प्रस्तुत गर्नु पर्नेछ ।

२०७१।३।२